सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७८-WO-१२१४

विषयः उत्प्रेषण।

यादप श्रेष्ठ ------------------------------------------------------------------------ निवेदक

विरूद्ध

निर्वाचन आयोग, नेपाल बहादुर भवन जमल, काठमाडौंसमेत ------------------ विपक्षी

निवेदनपत्र साथ संलग्न कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री उपेन्द्र केसरी न्यौपाने र श्री शेरबहादुर के.सी तथा विद्वान अधिवक्ताद्वय श्री नरबहादुर योगी र श्री भोजबहादुर ढकालले गर्नुभएको बहस समेत सुनी देहाय बमोजिमको आदेश गरिएको छः

१. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू।

२. प्रस्तुत निवेदनमा निवेदकले आफूले निर्माण व्यवसायीको रुपमा समेत कामकाज गर्दै आएको, निर्वाचन आयोगको मिति २०७८।१२।१६ को निर्णय अनुसार जारी सोही मितिको प्रेस विज्ञप्तिमा स्थानीय तह निर्वाचनमा उम्मेदवार हुन मनोनयनपत्र साथ स्वघोषणापत्र पेश गर्नु पर्ने व्यवस्था राखी उक्त स्वघोषणापत्रमा खुलाउनु पर्ने बुँदाको देहाय (ठ) मा "कुनै स्थानीय तहको ठेक्का पट्टा वा चल

अचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न नरहेका भन्ने व्यवस्था राखेबाट स्थानीय तह निर्वाचनका सम्बन्धमा स्थानीय तह निर्वाचन ऐन, २०७३ ले निर्धारण गरेको उम्मेदवारको अयोग्यता भन्दा थप अयोग्यता तोकिएको छ। कानूनले निर्वाचन आयोगलाई ऐन नियम विपरीत मनोमानि ढंगले उम्मेदवारको योग्यता/अयोग्यता थप गर्दै जाने अधिकार प्रदान गरेको छैन। ठेक्का पट्टाको व्यवहारमा संलग्न भएकै आधारमा उम्मेदवार हुन नपाउने भन्ने आयोगको मिति २०७८।१२।१६ को निर्णय तथा सोही मितिको प्रेश विज्ञप्तिसमेत बदर गरी पाउँ र आयोगको उक्त निर्णय तत्काल नरोकेमा आफू स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने भई संविधान तथा कानून प्रदत्त हकबाट वञ्चित हुनपर्ने भएकाले अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने निवेदकको मुख्य मागदावी देखिन्छ।

३. अब माग बमोजिम अन्तरिम आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ र १३ ले स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको योग्यता र अयोग्यता निर्धारण गरेको देखियो। उक्त कानूनी व्यवस्था हेर्दा स्थानीय तहको ठेक्का पट्टा वा अन्य चल अचल सम्पत्तिको व्यवहारमा संलग्न रहेका व्यक्ति उम्मेदवार हुन नपाउने गरी रोक लगाएको देखिन आउँदैन। तर सो ऐनको दफा ७१ ले निर्वाचन आयोगलाई उक्त ऐन तथा सो ऐन अन्तर्गत बनेका नियमहरुको अधिनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न तथा दफा ६७ ले निर्वाचनका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्ने अख्तियारी प्रदान गरेको देखिन्छ। निर्वाचन आयोगले निर्देशिका बनाउँदा वा आदेश जारी गर्दा सो आयोगलाई नेपालको संविधानले निसृत गरेको संवैधानिक दायित्व अनुरुप निर्वाचनलाई स्वतन्त्र, निश्पक्ष र मर्यादित बनाउन प्रचलित कानूनी व्यवस्था प्रतिकुल नहुने गरी र आवधिक निर्वाचनका स्वीकार्य मुल्य मान्यता अनुकूल उचित र तर्कसङ्गत मानकका आधारमा गर्नु पर्ने देखिन्छ।

४. मिसिल संलग्न निर्वाचन आयोगको प्रेस विज्ञप्तिमा उल्लिखित मनोनयनपत्र साथ दाखिल गर्नुपर्ने स्वघोषणापत्र हेर्दा त्यसमा उल्लेख भएका विषयहरुबाट उम्मेदवारका बारेमा मतदाता थप सुसूचित भै उपयुक्त उम्मेदवार छनौट गर्न

सहज हुने एवम् स्वघोषणापत्रमा उल्लेख गरिएका विषय प्रति सम्बन्धित उम्मेदवार जिम्मेवार हुनुपर्ने व्यवस्थामा निर्वाचन प्रणाली प्रतिको विश्वसनीयता अभिबृद्दि गर्ने निर्वाचन आयोगको संवैधानिक दायित्वको परिपूर्तिको भावना अन्तर्निहित भएको पाइयो। उक्त स्वघोषणापत्रमा उल्लेख गर्नुपर्ने विषयमा अन्य कुराहरुको अतिरिक्त देहाय (ठ) मा सम्बन्धित उम्मेदवार "कुनै स्थानीय तहको ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न नरहेको" भन्नेसमेत देखिन आउँछ। कुनै पनि व्यक्ति आफ्नो व्यावसायिक कारोबार भैरहेको स्थानीय तहमा निर्वाचित हुँदा निर्णय प्रकृयामा स्वार्थ बाझिने (Conflict of Interest) अवस्था सृजना हुन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८ ले गरेको स्वार्थ बाझिने स्थितिमा निर्णय गर्न नमिल्ने भन्ने कानूनी व्यवस्थाको आलोकमा स्थानीय तहमा सुशासनको प्रत्याभूति सुनिश्चित गर्ने प्रयोजनका लागि स्वघोषणापत्रको देहाय (ठ) को व्यवस्था "सम्बन्धित स्थानीय तहको" हकमा मात्र सान्दर्भिक हुने देखियो ।

५. स्वघोषणापत्रमा भएको "कुनै पनि स्थानीय तहको" ठेक्का पट्टा सम्बन्धी व्यवहारमा संलग्न रहेको भनी व्यवसायिक सरोकार नरहेका स्थानीय तहमा समेत उम्मेदवार हुनबाट रोक लगाउने गरी निर्वाचन आयोगबाट भएको निर्णय प्रथम दृष्टि (*Prima Facie*) मा नै उचित तर्कमा आधारित भएको देखिएन। कुनै कानूनले निषेध नगरेको र संविधानप्रदत्त पेशा, व्यवसाय र रोजगार गर्न पाउने हक अन्तर्गत ठेक्का पट्टा व्यवसाय गरेकै आधारमा स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन रोक लगाउने गरी भएको निर्णयबाट निवेदकको नेपालको संविधानको धारा १७ द्वारा प्रदत्त बैयक्तिक स्वतन्त्रताको हक र धारा १८ द्वारा प्रदत्त समानताको हक लगायतका आधारभूत मौलिक हक अधिकारमा आघात पुगेको एवम् उक्त व्यवस्था नेपालको संविधानको धारा २१५, २१६, २२२ र २२३ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ र १३ अनुकूलसमेत देखिन नआएकाले उक्त व्यवस्थाको कार्यान्वियन भएमा यी निवेदक आगामी स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित भै निवेदकलाई अपुरणीय क्षति हुन जाने अवस्थाको विद्यमानता देखियो।

६. तसर्थ, यी निवेदकको कानूनले निर्धारित योग्यता पुगेको र प्रचलित कानूनमा तोकिएको अन्य अयोग्यता नभए निजले मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणापत्रको देहाय (ठ) बमोजिम गरिएको स्वघोषणाका आधारमा निजलाई मिति २०७९।१।३० मा हुन गैरहेको स्थानीय तहको निर्वाचनमा आफ्नो ठेक्का कारोबार भएको स्थानीय तह बाहेकका अन्य स्थानीय तहमा उम्मेदवार हुनबाट नरोक्नु भनी प्रत्यर्थी निर्वाचन आयोगका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) को खण्ड (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी प्रत्यर्थीलाई दिनू।

न्यायाधीश

इति संबत् २०७९ साल वैशाख ५ गते रोज २ शुभम् ---------------------------।